DMC Research Journal
Vol.6.No.01(2024)
ISSN:2505-0648(P)
DOI: https://doi.org/10.3126/dmcrj.v6i01.73776

# 'बेग्लै म' कथामा सन्दिग्धता

-डा. अम्बिका अर्याल

## *शोधसार*

*प्रस्तुत शोध लेख 'बेग्लै म' कथाको सन्दिग्धता अध्ययनमा आधारित छ । 'बेग्लै म' आख्यानकार उषा शेरचनको कथासङ्ग्रह "बेग्लै म" (२०८१) भित्र सङ्गृहीत शीर्ष कथा हो । सन्दिग्धता पाश्चात्य जगतमा विकसित क्वियर थेउरीको नेपाली रुपान्तरण हो । क्वियर वा सन्दिग्धताले लैङ्गिक अल्पसङ्ख्यक अर्थात् तेस्रोलिङ्गीलाई समेट्छ । सन्दिग्धता तेस्रो लिङ्गीका हकअधिकार र पहिचानका खोजीमा बिसौँ शताब्दीको अन्त्यतिर विकसित पाश्चात्य साहित्यसिद्धान्त हो । यसले कृतिमा अभिव्यक्त लैङ्गिक अल्पसङ्ख्यकको समस्या, स्थितिको विश्लेषण गरी तिनको अस्तित्वको खोजीमा जोड दिन्छ । शेरचनको 'बेग्लै म' कथामा पनि लैङ्गिक अल्पसङ्ख्यकलाई मूल पात्रका रूपमा उभ्याएर तेस्रोलिङ्गीका समस्या, सामाजिक दृष्टिकोण एवम् अस्तित्वप्रतिको सचेतनालाई विषय बनाइएको छ । तसर्थ यस कथामा लैङ्गिक अल्पसङ्ख्यकको उपस्थिति, भूमिका तथा समस्यालाई कसरी प्रस्तुत गरिएको छ भन्ने समस्याको निरूपण गर्ने लक्ष्य यस लेखको रहेको छ । यसका लागि सन्दिग्धता सिद्धान्तका तेस्रो लिङ्गीको समस्या र मनोभाव, तेस्रो लिङ्गीको अस्तित्वको लडाइँ, तेस्रो लिङ्गीप्रतिको सामाजिक धारणा तथा तेस्रो लिङ्गीप्रतिको लेखकीय दृष्टिकोणजस्ता मूल अवधारणालाई कृतिविश्लेषणको सैद्धान्तिक आधार मानी निगमनात्मक विधिबाट तथ्यको विश्लेषणपश्चात् समस्याको निरूपण गरिएको छ । यस कथामा ट्रान्सजेन्डर अर्थात् लैङ्गिक अल्पसङ्ख्यकको विषयलाई तिनै पात्रको नायकत्वमा प्रस्तुत गरिएको हुनाले तेस्रो लिङ्गीका समस्या तथा मनोभावना यथार्थ रूपमा प्रस्तुत भएको निष्कर्ष निकालिएको छ । यस्तै यस कथामा तेस्रो लिङ्गीका अधिकार र पहिचानको माग गर्दै समाजले हेर्ने दृष्टिकोण र सोचमा परिवर्तनको अपेक्षा भावलाई प्रस्तुत गरिएको हुनाले यस कथालाई सन्दिग्धता सिद्धान्तले अघि सारेको अवधारणाका सापेक्षमा हेर्दा तेस्रो लिङ्गीको अस्तित्व तथा पहिचानप्रतिको चेतनायुक्त सशक्त कथाका रूपमा यसलाई लिन सकिने निष्कर्ष पनि यस लेखको रहेको छ ।*

**शब्दकुञ्जिका** : *अल्पसङ्ख्यक, तेस्रोलिङ्गी, विषमलिङ्गी, सन्दिग्धता, समलिङ्गी ।*

## *विषयपरिचय*

उषा शेरचन नेपाली साहित्यका मुक्तक, कविता, गजल, गीत, उपन्यास तथा कथामा कलम चलाउने नारी स्रष्टा हुन् । उनका *नजन्मेका आस्थाहरू* (२०४८) कवितासङ्ग्रह, *अक्षरहरूका शिविरबाट* (२०५६) मुक्तकसङ्ग्रह, *सर्वकालीन पीडा र जागृतिका शङ्खघोष* (२०६३) कवितासङ्ग्रह, *तेस्रो रङ* (२०७०) लघुकथा सङ्ग्रह, *आधि* (२०७६) उपन्यास, *अभिप्सा* लगायतका

गीति एलबमसमेत प्रकाशित भइसकेका छन् । *बेग्लै म* (२०८१) उनको हालसालै प्रकाशित कथासङ्ग्रह हो । यसभित्र सङ्गृहीत एक्काइस कथाहरूमध्ये 'बेग्लै म' शीर्ष कथामा लैङ्गिक अल्पसङ्ख्यकको समस्या तथा पहिचानको खोजी प्रस्तुत भएको छ । नेपाली समाजमा लिङ्गसम्बन्धी मानक धारणाले नारी र पुरुषलाई जसरी परिभाषित गर्दै आएको छ त्यसभिन्न पहिचान भएका मानिसहरू विभिन्न किसिमका समस्या र दमनमा कसरी पर्दै आएका छन् भन्ने तथ्यलाई यस कथाले विषय बनाएको छ । सन्दिग्धता सिद्धान्तले अघि सारेका मान्यतालाई प्रस्तुत गरिएको यस कथामा यसै दृष्टिबाट अध्ययन गरिनु जरुरी देखिन्छ । यस किसिमको अध्ययन नेपाली समाजमा बदलिन नसकेको लैङ्गिक अल्पसङ्ख्यकप्रतिको धारणा र दृष्टिकोण परिवर्तन गरी समतामूलक समाजनिर्माणमा सहयोग पुऱ्याउनका साथै सन्दिग्धता सिद्धान्तलाई आधार मानी प्राज्ञिक अनुसन्धान गर्न चाहने जिज्ञासुहरूका लागि समेत उपयोगी हुने देखिन्छ ।

प्रस्तुत कथाका बारेमा विभिन्न विद्वान्हरूबाट अध्ययन तथा अनुसन्धान हुँदै आएको पाइन्छ । यस क्रममा ज्ञानु अधिकारी (२०८०) ले "लैङ्गिक विषयका शक्तिशाली कथा *बेग्लै म"* शीर्षकको लेखमा शेरचनको यस कथासङ्ग्रहभित्रका कथा परम्परागत धारभन्दा भिन्न भएको बताएकी छन् । नेपाली समाजले द्विलिङ्गीय संरचनालाई मात्र स्वीकृति दिने र तेस्रोलिङ्गी वा लैङ्गिक अल्पसङ्ख्यक, पुरुष समलिङ्गी, नारी समलिङ्गी, यौनकर्मी महिला र पुरुष आदिका विषयलाई लिएर कम मथा लेखिएका सन्दर्भमा शेरचनको प्रस्तुत कथासङ्ग्रह बेग्लै बनेर देखापरेको उनको विचार छ । उनले क्वियर थेउरीका दृष्टिकोणबाट यी कथाहरू विश्लेषणीय रहेको सङ्केत गरे पनि यसका आधारमा विश्लेषण गरेको देखिँदैन । यस्तै प्रदीप सापकोटा (२०८१) ले "बेग्लै म : विसङ्गतिपूर्ण समाजको खोतलखातल" शीर्षकको लेखमा शेरचनको बेग्लै मभित्रका कथाहरूमा यौनिक प्रस्तुतीकरण घनीभूत भएर आएको बताएका छन् । उनले आधुनिकताका नाउँमा मान्छे विभिन्न विकृति र विसङ्गतिमा अल्झेको कुराको चित्रणका साथमा महिलाहरूका पीडा र बिडम्बनालाई समेत कथामा समेटिएको बताएका छन् । यौनिकताप्रति समाजले हेर्ने नकारात्मक दृष्टि, फरक प्रकृतिको सन्तान जन्मदा परिवारले गर्ने लज्जाबोधलाई शीर्ष कथामा प्रस्तुत गरिएको उनको कथन छ । तर यसमा सन्दिग्धता सिद्धान्तका आधारमा भने अध्ययन गरिएको देखिँदैन ।

'बेग्लै म' कथाका सम्बन्धमा गरिएका उल्लिखित अध्ययनहरूमा प्रस्तुत कथाको विषयवस्तु, चरित्र तथा परिवेशका साथै लैङ्गिक अल्पसङ्ख्यकका समस्याका उठानसम्बन्धमा सङ्क्षेपमा चर्चा गरिएको छ । तर यी अध्ययनहरूले प्रस्तुत कथाले उठाएको समस्या, समाजलाई दिन खोजेको सन्देश तथा लैङ्गिक अल्पसङ्ख्यकको अस्तित्व र अधिकारको खोजीका सम्बन्धमा विस्तृत चर्चा नगरेको सन्दर्भमा प्रस्तुत लेखले राखेको प्राज्ञिक जिज्ञासाको समाधान औचित्यपूर्ण एवम् आवश्यक देखिएको छ । तसर्थ 'बेग्लै म' कथामा लैङ्गिक अल्पसङ्ख्यकलाई कसरी उपस्थित गरिएको छ भन्ने मूल समस्याको प्राज्ञिक निरूपण गर्ने उद्देश्य यसमा राखिएको छ ।

## शोधविधि

प्रस्तुत लेखलाई व्यवस्थित एवम् तथ्यपरक तुल्याउनका लागि आवश्यक पर्ने सामग्रीहरूको सङ्कलन गरी विषयवस्तुको विश्लेषण गर्नका लागि विशेष सैद्धान्तिक विधिको अवलम्बन गरिएको छ । प्रस्तुत अध्ययनमा उषा शेरचनको 'बेग्लै म' कथालाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ भने यसका बारेमा गरिएका अध्ययन, अनुसन्धान तथा लेखहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । यस्तै सन्दिग्धतासम्बन्धी सैद्धान्तिक अवधारणा प्रस्तुत गरिएका सामग्रीलाई पनि द्वितीयक सामग्रीकै रूपमा लिइएको छ । यी सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । सन्दिग्धता सिद्धान्तले अघि सारेका तेस्रो लिङ्गीको समस्या र मनोभाव, तेस्रो लिङ्गीको अस्तित्वको लडाइँ, तेस्रो लिङ्गीप्रतिको सामाजिक धारणा तथा तेस्रो लिङ्गीप्रतिको लेखकीय दृष्टिकोणजस्ता अवधारणाका सापेक्षमा कृतिको विश्लेषण गरिएको हुनाले तथ्यको विश्लेषणमा भने निगमनात्मक विधिको प्रयोग गरिएको छ । साथै वर्णनात्मक एवम् विश्लेषणात्मक पद्धतिको प्रयोग गरी समस्याको समाधान खोजिएको यो अध्ययन अन्तर्विषयक प्रवृत्तिको बन्न पुगेको छ ।

## सन्दिग्धतासम्बन्धी सैद्धान्तिक अवधारणा

सन्दिग्धता सिद्धान्त अङ्ग्रेजीको 'क्वियर थेउरी'को नेपाली रुपान्तरण हो । 'क्यिवर'को अर्थ 'विचित्र, असामान्य, साधारणभन्दा भिन्न' भन्ने हुन्छ । यस शब्दको अनौपचारिक प्रयोग सन् १९९० को दशकमा सुरु भएको हो । यो समलैङ्गिकतासम्बन्धी विचारलाई आत्मसात् गरी अघि बढेको अध्ययनको नयाँ शाखा हो । सन् १९९० को दशकमा समलिङ्गी, लेस्बियन र लिङ्ग अध्ययनका क्षेत्रबाट विकसित भएको हो । गे (पुरुष समलिङ्गी) र लेस्बियन (नारी समलिङ्गी) अध्ययनबाट सुरु भएको यस मान्यताले सन् १९८० को दशकको मध्यतिर सङ्गठित भई अस्तित्वमा आउने मौका पायो । यसले राजनीतिक एवम् शैक्षिक रूपमा विकसित सामान्य यौनिकताको धारणामाथि चुनौती दिन्छ । साहित्य, चलचित्र, सङ्गीत र चित्रहरूमा समानलिङ्गी प्रतिनिधित्वको अध्ययन, यौनिकताको सामाजिक एवम् राजनीतिक शक्ति सम्बन्धको अध्ययन तथा विश्लेषण, ट्रान्ससेक्सुअल र ट्रान्सजेन्डर पहिचानको अध्ययनसँग सन्दिग्धता सिद्धान्तको सम्बन्ध देखिन्छ (स्पार्गो, सन् १९९९, पृ.९) । यसर्थ यो लैङ्गिकतासम्बन्धी आधारभूत धारणाले नारी र पुरुष गरी दुई प्रकारका लैङ्गिक अस्तित्व स्वीकार गरेका बाहेकका मानिसहरूको अधिकार र अस्तित्वका लागि निर्मित अवधारणा हो ।

जेन्डरबारे प्रचलित स्त्री, पुरुष, नारीत्व, पुरुषत्व जस्ता विरोधाभाषी अवधारणालाई सन्दिग्धता सिद्धान्तले चुनौती दिएको छ । यस किसिमका मतअनुसार हामीले नारी/पुरुष वा नारीत्व/पुरुषत्व जस्ता विरोधाभाषी विचारलाई नाघ्दै मानवयौनेच्छाको क्षेत्र बृहत् र परिवर्तनशील हुन सक्छ भन्ने कुरा स्वीकार गर्न सक्नुपर्छ (उप्रेती, २०६८, पृ. २५२) । सामान्य मानिएका लैङ्गिक पहिचानभन्दा पृथक् र भिन्न मानिएका लैङ्गिक पहिचानको अध्ययनमा यो केन्द्रित रहन्छ

। यसले सामान्य मानिएका महिला र पुरुषभन्दा भिन्न समुदायमा विचलितका श्रेणीहरू निर्माण हुने र तिनीहरूले आफूलाई अपमानित एवम् हेपाइमा परेको ठान्ने मान्यता राख्दछ। यस किसिमका विभेद र दमनमा परेका अल्पसङ्ख्यकको अस्तित्वको खोजी गर्दै समाजमा विकसित विभेदपूर्ण धारणाको परिवर्तनको माग यसले गर्दछ । साथै लिङ्गका आधारमा सामान्य यौनिकताको परिचयभित्र नसमेटिएका समलिङ्गी तथा बहुलिङ्गीमाथिको हस्तक्षेप अन्त्य गर्ने चेतका साथ सन्दिग्धता सिद्धान्तको विकास भएको पाइन्छ।

नेपाली भाषामा समलिङ्गी, द्विलिङ्गी, यौनिक निस्क्रियता वा सुशुप्तता भएका सबै लैङ्गिक अल्पसङ्ख्यक समुदायलाई चिनाउन तेस्रो लिङ्गी पदावली प्रयोग गरिन्छ । यस्ता समुदायको राजनीतिक, कानुनी, आर्थिक, सामाजिक हकअधिकारको माग गर्दै सन्दिग्धता सिद्धान्त अघि बढेको छ । समाजले निर्माण गरेको नारी र पुरुषको प्राकृतिक एवम् मानक लिङ्गभन्दा भिन्न कथित अप्राकृतिक, विचलित, रोगी, श्रापित वर्ग नै तेस्रो लिङ्गीका रूपमा सम्बोधित भएका छन्। मूल प्रवाहका ठान्नेहरूले गर्ने उपेक्षाका कारण निरीह बनेका यी वर्ग हाल आफ्नो पहिचान र अस्तित्वको खोजीमा सचेत रूपमा खुलेर लागेका छन्। स्वतन्त्र अस्तित्व र सम्मानपूर्वक बाँच्न पाउने अधिकारको माग गर्दै यी समुदाय सङ्गठित बन्न थालेका छन् (साउद, सन् २०१५, पृ. १) । तसर्थ सन्दिग्धता सिद्धान्त क्वियरका रूपमा आफूलाई स्विकार्ने तथा नस्विकार्ने LGBTQ+ समुदायका सबै सदस्यहरूलाई समेटेर साङ्गठनिक रूपमा अघि बढेको देखिन्छ।

LGBTQ ले लैङ्गिक अल्पसङ्ख्यकभित्र पर्ने लेस्वियन (Lesbian), गे (Gay), बाइसेक्सुअल (Bisexual), ट्रान्सजेन्डर (Transgender) र क्वियर (Queer) लाई बुझाउँछ । ऐतिहासिक रूपमा क्वियर शब्द LGBTQ समुदायका सदस्यहरूविरुद्ध अपमानजनक रूपमा प्रयोग गरिन्थ्यो। सन् १९६० को दशकदेखि LGBT अधिकार आन्दोलनको प्रभावमा समुदायका मानिसहरूले यस शब्दलाई पुन प्राप्त गर्दै सबै गैर हेटेरोसेक्सुअल र गैर सिस्जेन्डर पहिचानका लागि छाता शब्दका रूपमा अपनाउने प्रयास गरे । यही कारण LGBTQ मा Q को अर्थ क्वियरका रूपमा लगाउन थालियो । वर्तमानमा यस शब्दलाई व्यापक रूपमा स्वीकार गरिएको छ। होमोसेक्सुआलिटी वा समलिङ्गी शब्दको प्रयोग उन्नाइसौँ शताब्दीबाट सुरु भएको हो। सन् १८६९ मा स्विस चिकित्सक कारोली मारिया बेन्कर्टले यसको प्रयोग गरेका थिए। तर यसलाई १८९० को दशकसम्म पनि अङ्गेजी भाषामा व्यापक रूपमा प्रयोगमा ल्याइएको थिएन। यसलाई त्यस समयमा यौनविज्ञ हाभलक एलिसले प्रयोगमा ल्याएका थिए। चिकित्सा विज्ञानमा नकारात्मक भावका साथ प्रयोग भएकाले आत्मपहिचान बोक्ने शब्दका रूपमा यसको कम प्रयोग हुने गरेको देखिन्छ (जागोस, सन् १९९६, पृ. ७२) । यसरी वर्तमानमा क्वियरभित्र ट्रान्सजेन्डरका साथै नारी र पुरुष समलिङ्गी एवम् बाइसेक्सुअलसमेतलाई समेटिएको पाइन्छ।

सन् १९८४ मा ग्याले रुबिनको "थिङ्किङ सेक्स : नोट्स फर ए रेडिकल थेउरी अफ द पोलिटिक्स अफ सेक्सुआलिटी" शीर्षकको निबन्धमा समाजले यौनिकता र यौन व्यवहारमा दिने

मूल्य प्रणालीको विश्लेषण गरिएको छ। सन् १९९० मा इभ सेडविकको "इपिस्टेमोलोजी अफ द क्लोसेट" र जुडिथ बटलरको "जेन्डर ट्रौबल" जस्ता कृतिले लिङ्ग प्रदर्शनको सिद्धान्त विकास गरेको छ । सेडविकले आफूलाई क्वियर भन्नु भनेको आत्मधारणा र आत्मीय सम्बन्धको प्रयोगात्मक प्रदर्शनात्मक कार्यहरू ग्रहण गर्नु बताएकी छन् (सेडविक, सन् १९९४, पृ.२९) । फुकोका अनुसार उपेक्षित लैङ्गिक पहिचान शक्तिबाट साधारण तवरले मात्र दबाइएका छैनन् । यिनीहरूका पहिचानका विषयमा धेरै विमर्शहरू भइरहेका छन् । यदि यसले लैङ्गिकतामा वर्जना र निषेधको अवधारणा फैलाउँदै जाने हो भने गहन रूपमा सबै लैङ्गिक पहिचानको सुदृढीकरणलाई धमिलो तुल्याउने निश्चित छ (फुको, सन् १९७८, पृ. ५३) । तसर्थ सन्दिग्धता सिद्धान्तले समाजमा भएका शक्ति सम्बन्धका कारण लैङ्गिकतामा पारेको प्रभावको अध्ययन गर्दछ ।

सन्दिग्धता सिद्धान्त शैक्षिक र साहित्यिक क्षेत्रसँग सम्बद्ध छ । यसले पाठहरूलाई लिङ्ग र यौनिकताको आधारमा विश्लेषण गर्दछ । लैङ्गिक अल्पसङ्ख्यकको पक्षमा आवाज उठाउने यस सिद्धान्तले सामाजिक कोटीहरूलाई चुनौती दिन्छ । पहिले बनेका अवधारणा यसका समस्याका रूपमा उभिन्छन् । यस सिद्धान्तले उठाएका मान्यता तथा दृष्टिकोणलाई प्रयोग गरेर नयाँ र पहिले नचिनिएका सम्भावनाहरूको कल्पना गर्न सकिनुका साथै प्रश्न खडा गरी जिज्ञासाको समाधानको बाटोमा पुग्न सकिने विचार यिनीहरूले अघि सारेका छन् । बटलरले सन्दिग्धता सिद्धान्तले सीमान्तकृत समूहले कसरी आफ्नो स्वायत्त पहिचान प्राप्त गर्न सक्छन् भन्ने तर्क गर्दछिन् । उनका अनुसार हामीले आफूलाई सीमित भएको सोचेका वास्तविकताहरू ढुङ्गामा लेखिएका जस्ता निश्चित हुँदैनन् (बटलर, सन् २००४, पृ. २९) । सन्दिग्धता सिद्धान्तले परम्परागत रूपमा बनेका लिङ्गसम्बन्धी अवधारणा र मान्यता निश्चित नहुने तर्क गर्दै यौनिक अल्पसङ्ख्यकको विविधतालाई गहन अध्ययन गर्छ ।

सन्दिग्धता सिद्धान्त उत्तरआधुनिकतावादी सिद्धान्तको एक हाँगा हो । यसले लिङ्ग र यौनिकतालाई स्थिर एवम् निश्चित मान्दैन । यसले पाठहरूलाई लिङ्गीय प्रदर्शनका रूपमा व्याख्या गर्दछ । परम्परागत लिङ्गीय भूमिकालाई तोड्ने पात्रको उपस्थितिको पनि यसले अध्ययन गर्दछ । साहित्यिक कृतिहरूमा लुकेका समलैङ्गिकता, समलैङ्गिक सम्बन्ध तथा लिङ्गीय असामान्यतालाई उजागर गर्ने लक्ष्य यसले राखेको हुन्छ । पाठमाथि संशय गर्दै पाठमा भएका नयाँ सम्भावनाको खोजी यसले गर्दछ । यसले परम्परागत सामाजिक संरचनामाथि नै प्रश्न उठाउँछ । साहित्यलाई विश्लेषण गर्ने क्रममा समय र संस्कृतिअनुसार लिङ्ग र यौनिकताको फरकफरक व्याख्या हुने सन्दर्भतर्फ पनि यसले ध्यान पुऱ्याएको हुन्छ । साहित्यले निर्माण गरेको क्यानन वा परम्परागत भाष्यमा ओझेलमा परेका समलैङ्गिक वा संदिग्ध लेखक र तिनका कृतिलाई पुनः प्रकाशमा ल्याउने यसको ध्येय छ । यसले पाठहरूमा अन्तर्निहित अधिकार, शक्ति सम्बन्ध र सामजिक संरचनालाई उजागर गर्न सहयोग गर्दछ ।

पाठ विश्लेषणका लागि यसले बाइनरीको अस्थिरतामा ध्यान दिनुपर्ने मान्यता राख्दछ । पाठमा पुरुष र महिला, समलैङ्गिक र विषमलैङ्गिक, सामान्य र असामान्य जस्ता परम्परागत

बाइनरी वा द्विचरहरूलाई दिएको चुनौतीको अध्ययन गर्नुपर्ने यसको मत छ । पात्रहरूले लिङ्ग र यौनिकता कसरी प्रदर्शन गर्छन् सोको निरूपण तथा तिनले सामाजिक मान्यतामाथि पारेको प्रभावको पहिचानबाट पाठको विश्लेषण गर्नुपर्ने मान्यता यिनहरूको छ । यस्तै पाठमा आएका LGBTQ+ पात्र, तिनका अनुभूति तथा प्रसङ्गको खोजी, तिनको पहिचानको खोजी, लिङ्गसम्बन्धी परम्परागत धारणाप्रतिको असहमति तथा चुनौतीको निक्यौंल, बाइनरीलाई चुनौती दिने रूपक तथा प्रतीक वा चिह्नको खोजी, शक्ति संरचना र अधीनस्थता, समलैङ्गिक भावना तथा सम्बन्धको विश्लेषणबाट सन्दिग्धताको अध्ययन गर्न सकिने मत यिनीहरूले राखेको पाइन्छ । यसर्थ सन्दिग्धता सिद्धान्तले अघि सारेका तेस्रो लिङ्गीको समस्या र मनोभाव, तेस्रो लिङ्गीको अस्तित्वको लडाइँ, तेस्रो लिङ्गीप्रतिको सामाजिक धारणा तथा तेस्रो लिङ्गीप्रतिको लेखकीय दृष्टिकोणजस्ता धारणालाई विश्लेषणको ढाँचा मानी यस लेखमा प्राज्ञिक जिज्ञासाको निरूपण गरिएको छ ।

## *'बेग्लै म' कथाको सन्दिग्धता अध्ययन*

उषा शेरचनको 'बेग्लै म' कथामा ट्रान्सजेन्डर पात्रलाई प्रमुख भूमिका प्रदान गरी सोही विषयको केन्द्रमा कथा निर्माण गरिएको हुनाले सन्दिग्धता सिद्धान्तका आधारमा पाठको विश्लेषण गर्नु सान्दर्भिक देखिन्छ । यसका लागि तेस्रो लिङ्गीका समस्या, तेस्रो लिङ्गीको अस्तित्वको लडाइँ, तेस्रो लिङ्गीप्रतिको सामाजिक धारणा तथा तेस्रो लिङ्गीप्रतिको लेखकीय दृष्टिकोणजस्ता पक्षको विश्लेषणबाट सन्दिग्धता अध्ययन गर्न सकिने सन्दिग्धतावादीहरूको अवधरणाका आधारमा यिनै उपशीर्षकमा विवेच्य कृतिको विश्लेषण यसप्रकार गरिएको छ :

## *तेस्रो लिङ्गीका समस्या र मनोभाव*

सन्दिग्धता सिद्धान्तले लैङ्गिक अल्पसङ्ख्यक अर्थात् तेस्रो लिङ्गीका समस्या र मनोभावको विश्लेषणबाट कृतिको अध्ययन गरिनुपर्ने विचार अघि सारेको छ । शेरचनको 'बेग्लै म' कथामा तेस्रो लिङ्गी अर्थात् ट्रान्सजेन्डर पात्रलाई प्रमुख स्थान दिइएको छ । यस कथाको समाख्याता पुरुष भएर पनि महिलाका गुणयुक्त हुनु र महिलामा भन्दा पुरुषप्रति आकर्षित हुनुले पात्रको लैङ्गिक पहिचानलाई प्रस्ट पारेको छ । शरीर एउटा तर मन अर्को भएको स्थितिमा उसले भोग्नुपरेका समस्या, मनमा उत्पन्न विकार तथा भय, हीनता आदिलाई यस कथाले समेटेको छ ।

शेरचनको प्रस्तुत कथाको म पात्र अर्थात् समाख्याताले कथाको सुरुवातमै "आज मैले नयाँ जीवन पाएँ" (पृ. १५७) भन्ने अभिव्यक्ति दिएको छ । उसले नयाँ जीवन पाउनुको रहस्यलाई विस्तारै खुलाउँदै गएको छ । उसको "यसअघि भने मेरो शरीर आफ्नै लागि जेलसरह थियो" - पृ. १५७) अभिव्यक्तिले नै तेस्रो लिङ्गीको समस्या र विचलित अवस्थालाई प्रस्ट पारेको छ । यी कथनमार्फत परम्परागत लैङ्गिक द्विचर मान्यताभन्दा पृथक् हुनुपर्दा त्यस्ता व्यक्तिमा पर्ने मानसिक

असर र त्यसबाट उन्मुक्ति पाउँदाको चरम खुसीलाई देखाइएको छ । म पात्रले शारीरिक जेलबाट मुक्त हुँदा गरेको अनुभूति र आत्मा र शरीर विपरीत हुँदा भोग्नुपरेका सास्तीका माध्यमबाट यस कथामा तेस्रो लिङ्गीका समस्यालाई देखाइएको छ ।

बाल्यकालमा आफू किन अरू बालबालिकाभन्दा पृथक् छु भन्ने नबुझेको तर ठुलो हुँदै गएपछि शरीर र आत्माको मेल नभएको अनुभूति हुन थालेको अर्थात् पुरुष भएर नारीका स्वभाव र रुचि विकसित हुँदै जाँदा आफूमा पलाएको उदासीनतालाई म पात्रले प्रस्तुत गरेको छ । ऊ भन्छ :

> चार बर्ष पुगेपछि मलाई केटाले खेल्ने खेलौनाले भन्दा आमाको पहिरन र मेकपले आकर्षित गर्न थाल्यो ! मेरो छुट्टीको दिन आमा बाहिर जानु मेरा लागि हर्षको विषय हुन्थयो । आमाले जे जे लगाउनुहुन्थ्यो ती सबथोक लगाएर आनन्दित हुन्थेँ । घण्टौं बितेको पत्तै हुन्नथ्यो ! आमा बाहिरबाट आउनुभएपछि भने लामै कुरा सुन्नुपर्थ्यो - "हरे ! ल हेर यो केटोको ताल ? बाहिर साथीहरूसँग खेल्न जाला भनेको त मेरो सामानहरू लगाउँदै पो बस्या रैछ ! कस्तो केटी जस्तो भन्या ? साथीहरू बाहिर डन्डिबियो खेलिरहेका छन् । तँ चाहिँ यहाँ मेरो सामानहरू लथालिङ्ग पारेर, मेरो कपडा लाएर बसिरहने हो बाबु ? (पृ. १५८)

आमाको पहिरन र मेकपमा समय बिताउने र आनन्द लिने म पात्रको स्वभावलाई यस कथनले प्रस्ट पारेको छ । केटा भएर पनि केटीको स्वभावको भन्ने आमाको कथनले उसको भिन्न शारीरिक संरचनाभित्रको मनलाई समेत उजागर गरेको छ । स्कुलमा पनि उसलाई केटा साथीहरू भन्दा केटी साथीहरू बढी मनपर्नु र हाउभाउमा पनि केटीको पारा बढि आउने भन्दै सबैले जिस्क्याउनुमा आफैँ अनभिज्ञ हुँदासम्म समस्या देखापरेको छैन । तर किशोरावस्थामा पुगेपछि केटासँगको आकर्षण बढ्दै गएको तथा केटाले छुँदा पनि करेन्ट लागेको महसुस हुँदा म पात्र मानसिक चिन्तामा पर्दै गएको छ । ऊ भन्छ : "बिस्तारै म घोर मानसिक अवसादमा पर्न थालेँ । ममा बारम्बार आत्महत्यासम्मको सोच आउँथ्यो । तर जब मलाई बिनासर्त यति धेरै माया गर्ने मेरी आमाबारे सोच्थेँ तब म रोकिन्थेँ" (पृ. १५९) । उसको यस कथनमा तेस्रो लिङ्गी हुँदा परिवार, साथीभाइ तथा समाजबाट तिरस्कृत भएको महसुस भई आत्महत्याको सोचसम्म पुग्ने कारुणिक दृश्यलाई प्रस्तुत गरिएको छ । यसले समाजले निर्माण गरेको भन्दा भिन्न लैङ्गिक पहिचान लिएर जन्मिएका मानिसको समस्या तथा मनोभावनालाई प्रस्ट पारेको छ ।

## तेस्रो लिङ्गीको अस्तित्वको लडाईँ

सन्दिग्धता सिद्धान्त तेस्रो लिङ्गीहरूको अस्तित्वको खोजीमा केन्द्रित देखिन्छ । शेरचनको प्रस्तुत कथामा तेस्रो लिङ्गी पात्रले परिवार तथा समाजमा आफ्नो अस्तित्वका लागि गर्नुपरेको सङ्घर्षलाई स्थान दिइएको छ । म पात्रले आफू सामान्य मानिसभन्दा भिन्न भएको महसुस गरेपछि परिवार, साथीभाइ तथा समाजसँग गर्नुपरेको सङ्घर्षलाई प्रस्तुत गरिएको छ । पुरुष भएर पनि

नारीमा जस्ता गुण भएको भन्दै आमामा बढेको चिन्ता र साथीभाइका व्यवहारलाई नियालेर मृत्युको बाटो रोज्ने मनसायमा पुगिसकेर पनि सम्हालिएको पात्रका रूपमा म पात्रलाई लिन सकिन्छ। उसले वैदेशिक रोजगारीमा गएका बुबाको पर्खाइमा बसेर आफ्ना समस्यालाई सुनाउने आँट गरेको छ। यतिमात्र नभएर जुन समाज र साथीभाइबाट अपहेलित व्यवहार महसुस हुन्छ त्यसबाट आफूलाई टाढै राख्ने प्रयत्नमा एक्लिएको छ। तर आफ्नो जीवनबाट हार खाएर अस्तित्व मेटाउने मार्गबाट बचाएको छ।

प्रस्तुत कथामा तेस्रो लिङ्गी म पात्रले मनमा चलेको मानसिक हुरीलाई बिसाएर समस्याबाट छुटकारा पाउन बुबासँग हिम्मतका साथ आफ्नो समस्या राख्ने आँट गरेको छ। उसको यो आँट नै अस्तित्वको लडाइँको एक दृष्टान्त बनेको छ। ऊ भन्छ : "... हजुरहरू मलाई बाबु सोच्नुहुन्छ। तर म बाबुको शरीर भएकी नानी हुँ" (पृ. १६०)। उसले बुबासँग आफ्नो वास्तविकता बताएर यसपछि आइपर्ने चुनौतीसँग जुध्ने हिम्मत गरेको छ। यसले समाजले उपेक्षित रूपमा हेर्ने लैङ्गिक अल्पसङ्ख्यकमा भएको चेतना र अस्तित्वप्रतिको लडाइँलाई सङ्केत गरेको छ।

प्रस्तुत कथामा आमा पात्रका माध्यमबाट छोरालाई दिएको ढाडस र थपिदिएको आत्मविश्वासले पनि तेस्रो लिङ्गीको अस्तित्वको सम्मान गरेको छ। उनी भन्छिन् : "आज हामीले बोल्नै परेन, तिमी आफैँले मन खोल्यौ। बाबु खासमा हामी यही चाहन्थ्यौँ। तिमी डर र धकबिच आफैँभित्र खुम्चिएर बस्नेभन्दा आफ्नो कुरा खुलस्त राखी दृढताका साथ अघि बढेको हामी हेर्न चाहन्छौँ" (पृ. १६३)। उनको यस कथनले तेस्रो लिङ्गीका समस्याहरू आफैँले खुलेर भन्न सक्नुपर्ने भावलाई प्रस्ट पारेको छ। तेस्रो लिङ्गीका समस्यालाई धज्जी उडाउलान् भन्ने डरमा पछाडि हटेर, लुकेर र समस्या दबाएर बसे कसैले उनीहरूको समस्या बुझेर अधिकार हातमा नथमाउने भाव यसमा प्रस्तुत भएको छ। यसर्थ तेस्रो लिङ्गी आफैँले आफ्ना हकअधिकारको माग खुलेर गर्नुपर्ने र त्यसमा परिवारले सहयोग गर्नुपर्ने विचारका माध्यमबाट यस कथामा तेस्रो लिङ्गीको अस्तित्वप्रतिको चेतना प्रस्तुत भएको छ।

## तेस्रो लिङ्गीप्रतिको सामाजिक धारणा

नेपाली समाजमा तेस्रो लिङ्गीप्रतिको सामाजिक धारणा भिन्न देखिन्छ। प्राकृतिक लिङ्ग र त्यसले निर्माण गरेका मान्यताभन्दा भिन्न स्वभाव लिएर देखापरेका मानिसप्रतिको सामाजिक सोच एवम् व्यवहार फरक हुने गरेको भन्दै सन्दिग्धता सिद्धान्तले तिनै लैङ्गिक अल्पसङ्ख्यकका पक्षमा वकालत गरेको छ। यस कथामा पनि तेस्रो लिङ्गी म पात्रले समाजले आफूलाई हेर्ने नजर भिन्न भएको सन्दर्भलाई प्रस्तुत गरेको छ। उसले बुबासँग स्वयम्ले आफूलाई अनौठो मानेको अवस्थामा हजुरले र समाजले मान्नु स्वाभाविक भएको तर्क गरेको छ। ऊ भन्छ : "सृष्टिको यो फरक सिर्जनाको महसुससँगै म आफैँसँगको मानसिक युद्धमा छु। समाजले केटाका लागि निर्धारण गरेको कुनै पनि कुरामा मलाई चासो लाग्दैन। राम्रो पनि लाग्दैन। त्यसप्रति आकृष्ट पनि हुन्न"

(पृ. १६०) । उसको यस कथनमा समाजमा लिङ्गका सम्बन्धमा बन्दै आएका धारणाको प्रभाव उसमा समेत परेको तथ्य प्रस्तुत भएको छ । ऊ आफैँले सृष्टिको फरक सिर्जनाका रूपमा आफूलाई लिनु र समाजले अनौठो मानेकामा अस्वाभाविक महसुस नगर्नुले सोही कुराको पुष्टि गरेको छ । समाजले केटाका लागि निर्धारण गरेका कुरामा चासो नलाग्ने, राम्रो नलाग्ने र आकृष्ट पनि नहुने स्वभावको म पात्र समाजनिर्मित लैङ्गिक पहिचानभिन्न भएकाले चिन्ताग्रस्त देखिएको छ । यसर्थ यसमा तेस्रो लिङ्गीका सम्बन्धमा निर्मित सामाजिक धारणाका कारण तेस्रो लिङ्गीहरू चिन्तामा परेको सन्दर्भलाई देखाइएको छ ।

यति हुँदाहुँदै पनि तेस्रो लिङ्गीप्रतिको सामाजिक सोच र व्यवहारमा परिवर्तनको अपेक्षा यस कथामा गरिएको छ । यस कथाको मुख्य पात्रका बाबुआमाले छोराको शरीर र मन एकाकार गर्दै छोरी बन्ने चाहनालाई बुझेर सहजै स्विकारेको सन्दर्भले सोको पुष्टि गरेको छ । उनीहरूले समाज भनेको नै हामी हो भन्ने भावका साथमा तेस्रो लिङ्गीका मनोभावलाई बुझेर हरेक अभिभावकले साथ र सहयोग प्रदान गर्नुपर्ने भावलाई व्यक्त गरेका छन् । तेस्रो लिङ्गीका आदर्श बाबुआमा बनेर देखापरेका यी दुई पात्र समाजको रुढिवादी सोचलाई बदल्नुपर्ने धारणा राख्ने आदर्श पात्रका रूपमा उभिएका छन् । यसर्थ यस कथामा समाजमा गढेर बसेको परम्परागत धारणाका कारण विक्षिप्त हुनपुगेका तेस्रो लिङ्गी पात्र मात्र नभएर तेस्रो लिङ्गीका समर्थनमा उदाउँदै गरेका सकारात्मक सोच बोकेका मानिसहरूको उपस्थितिका माध्यमबाट तेस्रो लिङ्गीको फरक पहिचान र अस्तित्वको माग गरिएको देखिन्छ ।

## *तेस्रो लिङ्गीप्रतिको लेखकीय दृष्टिकोण*

सन्दिग्धता सिद्धान्तले तेस्रो लिङ्गीका विषयमा लेखिएका कुनै पनि कृतिमा तेस्रो लिङ्गीप्रतिको दृष्टिकोण कसरी प्रस्तुत गरिएको छ भन्ने कुराको अध्ययन गरिनुपर्ने मान्यता राखेको छ । शेरचनको 'बेग्लै म' कथामा मूल पात्रका रूपमा आएको तेस्रो लिङ्गीका समस्यालाई बुझेर समाधान खोजिदिने बाबुआमा पात्रको उपस्थिति गराइएको छ । यसबाट लेखकले दिन खोजेको सन्देश र लेखकीय धारणा प्रस्ट भएको छ । यसमा छोरामा छोरीका गुणहरू देखिसकेपछि विभिन्न डाक्टरको परामर्शमा जुटेकी आमाले सन्तानलाई कुनै दबाब नदिएको तथ्य प्रस्तुत गरिएको छ । आमा भन्छिन् : "बाबु यो तिम्रो छनोट पक्कै थिएन, न त हाम्रो नै । न सन्तानले आफूले चाहेअनुरूप जन्मन सक्छन् न कुनै पनि आमाबाबुले आफ्नो चाहनाअनुरूपका सन्तान नै जन्माउन सक्छन् । ...तिमीले कुनै ग्लानि भाव लिनु पर्दैन । तिमी पनि अरू सरह नै हौ" (पृ. १६१) । उनको यस कथनमा सन्तानलाई तेस्रो लिङ्गी भएकामा कुनै गालीगलौज र अवहेलना झल्किन्न । उनले मायाले सम्झाएर समर्थन गरेको तथ्य लेखकीय दृष्टिकोण बनेर यहाँ आएको छ ।

प्रस्तुत कथामा समाज भन्नु हामी आफैँ भएको र जीवन जस्तो रूपमा जन्मेपनि नाशवान भएको (पृ. १६२) तर्क आमा पात्रमार्फत अभिव्यक्त गरिएको छ । यस कथाले दिन खोजेको सन्देशलाई आमा र बुबा पात्रका माध्यमबाट प्रस्तुत गरिएको हुनाले लेखकीय स्वर मुखरित गर्ने

पात्रका रूपमा यी दुईको उपस्थिति देखिएको छ । छोराले पुरुष खोलबाट मुक्ति पाएर आत्मासँग शरीरको मेल गरिदिने आग्रह गरिरहँदा पनि पितृसत्तात्मक समाजले छोरालाई महत्त्व दिने नेपाली समाजका अधिकांश चरित्रको प्रतिनिधित्व नगरी एक मात्र सन्तान छोराबाट छोरीमा बदलिँदा कुनै गुनासो नगर्ने अभिभावकको भूमिकामा यस कथामा आमाबुबा पात्रको उपस्थिति भएको देखिन्छ । बुबा भन्छन् : "तिमी हाम्रो एक्लो सन्तान हौ । चाहे छोरा होस् या छोरी मलाई केही फरक पर्दैन । आजसम्म तिमी हाम्रो छोरा थियौ अब उप्रान्त तिमी हाम्री छोरी हुनेछौ" (पृ.१६१) । बुबाको यस कथनले छोरा र छोरीमा विभेद नभएको तथ्यका साथमा लैङ्गिक अल्पसङ्ख्यकप्रतिको सकारात्मक दृष्टिकोणलाई समेत प्रस्ट पारेको छ ।

यौनिकताका सम्बन्धमा समाजले तोकेको भन्दा फरक प्रकृतिको सन्तान जन्मिदा बाआमाले लज्जाबोध गर्न नहुने, फरक यौनिकता हुँदैमा सामाजिक र पारिवारिक डरले आत्मा मार्न नहुने तथ्यका माध्यमबाट तेस्रो लिङ्गीप्रतिको सकारात्मक दृष्टिकोणलाई पनि यस कथामा प्रस्तुत गरिएको छ । यसका साथै फरक यौनिकता भएका व्यक्तिलाई परिवारले साथ दिनुपर्ने (पृ.१६३), शरीर र मन भिन्न भएका तेस्रो लिङ्गीका लागि उपचारको व्यवस्था भइसकेकाले परिवारले त्यसमा सहयोग गर्नुपर्ने (पृ.१६३) लेखकीय विचारलाई म पात्रका बाबुआमाका कथन र क्रियाकलापका माध्यमबाट प्रस्ट पारिएको छ । यस सम्बन्धमा यस कथाको प्रमुख पात्रकी आमा भन्छिन् :

> यौनिकताका सम्बन्धमा पनि समाजले तोकेको भन्दा फरक प्रकृतिको सन्तान जन्मिँदा आमाबाले लज्जाबोध गर्न आवशयक छैन । त्यस व्यक्ति स्वयम्ले हीनताबोध या ग्लानि महसुस गर्नुपर्दैन । ... फरक यौनिकता भएकाहरू सामाजिक र पारिवरिक डरले आफ्नो आत्मालाई मारेर नबसून् । यदि व्यक्ति स्वयम् खुल्न चाहन्नन् भने त्यो उनको व्यक्तिगत स्वतन्त्रताको कुरा हो भन्ने लाग्छ मलाई । यो धरती र यो आकाश सबैका लागि हो । कुनै एक वर्ग, जाति वा लिङ्गका लागि मात्रै पक्कै होइन बाबु । (पृ. १६२)

म पात्रको आमाको प्रस्तुत कथनले फरक यौनिकता हुँदैमा लज्जाबोध र हीनताबोध गर्न नहुने भाव प्रकट गरेको छ । लेखकको मुखपात्रका रूपमा देखिएका म पात्रका बाबुआमाले फरक यौनिकता भएका सन्तानलाई उत्साह थपिदिनुपर्ने, प्रेमपूर्वक समस्याको जडमा पुगेर समाधान खोजिदिनुपर्ने सन्देशका साथमा सकारात्मक सोच र व्यवहारको विकास गरिदिनुपर्ने दायित्वबोधको सन्देश प्रस्तुत गरेका छन् । यसर्थ यस कथामा तेस्रो लिङ्गीप्रतिको लेखकीय दृष्टिकोण प्रस्ट रूपमा सकारात्मक एवम् समर्थनयुक्त देखिन्छ ।

## *निष्कर्ष*

उषा शेरचनको 'बेग्लै म' कथामा अभिव्यक्त तेस्रो लिङ्गीप्रतिको चेतनालाई सन्दिग्धता सिद्धान्तका कोणबाट अध्ययन गर्ने लक्ष्य राखिएको यस लेखमा बिसौँ शताब्दीमा पाश्चात्य मुलुकमा विकसित क्वियर थेउरीका मूल मान्यताका सापेक्षमा चयनित कृतिको विश्लेषण गरिएको छ ।

तेस्रो लिङ्गीको समस्या, मनोभाव, अस्तित्वप्रतिको चेतना, समाजको धारणा तथा लेखकीय दृष्टिकोण जस्ता सन्दिग्धता सिद्धान्तका प्रमुख अवधारणाका सापेक्षमा कथाका तथ्यहरूको विश्लेषणबाट प्राज्ञिक जिज्ञासाको निरूपण गरिएको छ । यस कथामा प्रयुक्त समाख्याता अर्थात् प्रमुख पात्र पुरुष भएर पनि नारीका स्वभाव भएको तेस्रो लिङ्गी पात्र हो । उसले आफूलाई समाजले निर्धारण गरेको लैङ्गिक पहिचान र स्वभावभन्दा भिन्न महसुस गर्दै आत्महत्या गर्ने मनस्थितिमा पुऱ्याएको छ । परिवारले दिएको साथ र सहयोग एवम् प्रेमका कारण गलत बाटो रोज्नबाट पछि हटेको छ । उसमा देखिएका परिवर्तन र भिन्न स्वभावको खिल्ली उडाउने साथीभाइसँग टाढिँदै परिवारलाई पनि भन्न नसकेर एकान्तप्रेमी हुँदाका मनोभावका माध्यमबाट तेस्रो लिङ्गी पात्रका मानसिक अवस्थाको यथार्थ चित्रण कथाले गरेको छ । समाजमा अपहेलित गर्ने समुदाय मात्र नभएर साथ र सहयोग दिने समुदाय पनि भएको तथ्यलाई बाबुआमा तथा डाक्टर पात्रको उपस्थितिका माध्यमबाट यस कथाले चित्रण गरेको छ । यस्तै तेस्रो लिङ्गीहरूका मनोदशा बुझेर प्रेमपूर्वक व्यवहार गर्नुपर्ने, आफ्नो समस्या आफैँ निसङ्कोच राख्न लगाउनुपर्ने, उनीहरूले चाहेअनुसारको लैङ्गिक पहिचानका लागि आधुनिक युगमा आएका उपचार पद्धतिको उपयोगमा सहयोग पुऱ्याउनुपर्ने विचारका माध्यमबाट तेस्रो लिङ्गीका अस्तित्वको खोजीका साथै सकारात्मक सोच र व्यवहारप्रतिको चेतनाको माग यस कथाले गरेको छ। तेस्रो लिङ्गीको हकहित र पहिचानका लागि सबैले सहयोग गर्नुपर्ने सकारात्मक विचार लेखकीय दृष्टिकोण बनेर यस कथामा अभिव्यक्त भएको छ । यसर्थ शेरचनको ‘बेग्लै म’ कथामा ट्रान्सजेन्डर अर्थात् लैङ्गिक अल्पसङ्ख्यकको विषयलाई तिनै पात्रको नायकत्वमा तेस्रो लिङ्गीका अधिकार र पहिचानको माग गर्दै समाजले हेर्ने दृष्टिकोण र सोचमा परिवर्तनको अपेक्षा भावलाई प्रस्तुत गरिएको हुनाले यस कथालाई सन्दिग्धता सिद्धान्तले अघि सारेको अवधारणाका सापेक्षमा हेर्दा तेस्रो लिङ्गीको अस्तित्व तथा पहिचानप्रतिको चेतनायुक्त सशक्त कथाका रूपमा यसलाई लिन सकिन्छ ।

## सन्दर्भसूची

अधिकारी, ज्ञानु (२०८०), “लैङ्गिक विषयका शक्तिशाली कथा *बेग्लै म”, कलाश्री,* वर्ष १२, अङ्क १२, पृ. ३३३-३३६ ।

उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* काठमाडौँ : अक्षर क्रियसन नेपाल ।

शेरचन, उषा (२०८१), *बेग्लै म,* काठमाडौँ : आस्तिक शेरचन ।

साउद, भरत (सन् २०१५), “क्वियर सिद्धान्त र *अर्धसत्य* उपन्यास”, *समकालीन साहित्य,* https//www.samakalinsahitya.com, हेरेको मिति - २०८१ पुस २ ।

सापकोटा, प्रदीप (२०८१), *“बेग्लै म* : विसङ्गतिपूर्ण समाजको खोतलखातल”, *रातोपाटी,* https://www.ratopati.com, हेरेको मिति - २०८१ पुस २ ।

Butler, Judith (2004). *Undoing gender*. New York : Routledge. Chambers, S.A. (2009). A queer politics of the democrativc miscount. *Borderlands*, 8(2), 1-23.

Foucault, Michel (1978), *History of Sexuality*, Trans. Robert Hurley, New York: Pantheon Books.

Jagose, Annamarie (1996), *Queer Theory An Introduction*, New York : New York University Press.

Sedgwick, Eve Kosofsky (1994), ‘Jane Austen and the Masturbating Girl’, in *Tendencies*, London: Routledge, pp. 29-109.

Spargo, Tamsin (1999), *Foucault and Queer Theory*, UK: Icon Books.